# दौलतविक्रम बिष्टको समय यात्रा

डा. अभि सुवेदी

एक साझ दौलतविक्रम बिष्टको घरमा साहित्यकारहरूको एउटा ठूलो जमघट थियो । त्यहा धेरैजसो साहित्यिकहरू आमन्त्रित थिए । मेरा निम्ति त्यो जमघट सर्वथा नौलो किसिमको थियो । दौलत बिष्टको आतिथ्यलाई कवि कृष्णभक्त श्रेष्ठले धेरै प्रशंसा गरे किनकि उनको विचारमा बिष्टको भोजन र रहनसहनको परिवेशमा नेवारी संस्कृतिको पूरा छाप थियो । मलाई विजय मल्ल त्यस ठाउमा अति नै प्रसन्न र नजिकका जस्ता लागे । सबै जना त्यस भोजन र भेलामा प्रसन्न थिए । त्यो भेला बिष्टले २०३२ सालको पहिलो ठूलो साहित्यिक पुरस्कार लिएको अवसरमा दिएका थिए जस्तो लाग्छ । मलाई धूमिल सम्झना मात्रै छ ।

पछि गाडीमा फर्कदा उपन्यासकार विजय मल्लले अति प्रसन्न मुद्रामा दौलतविक्रम बिष्टको प्रशंसा र माया गर्दै कवि रत्न थापा दाइ र मसग 'स्याम्प्लित कुखुरा' को एउटा अनौठो स्वरूपको लेखनसग जोडेर छलफल गरेका थिए । त्यो नमुनासग दौलतविक्रमको औपन्यासिक सामर्थ्यको कुन किसिमले सम्बन्ध जोडिएको थियो, मैले बुझ्न सकिन । त्यो एक विज्ञानजन्य उपन्यास वा कुनै एक प्रयोगात्मक रूपकको परिकल्पना थियो कि त्यो मैले बुझिन । तर एउटा कुरा त्यस रात मैले बुझें । मल्ल दाज्यूभाइ उपन्यासकारसग दौलतविक्रम बिष्टको अति नजिकको सम्बन्ध रहेछ । 'शारदा' पुत्र यी दुई उपन्यासकारहरू 'शारदा' बाटै जन्म भएका दौलतविक्रम बिष्टलाई बन्धुका रूपमा हेर्थे भन्ने कुरा मैले त्यस रात बुझेको थिए । 'शारदा' मा दौलतविक्रम बिष्टको पहिलो कथा प्रकाशित गरेर घरमा बीस रुपैया पारिश्रमिक पुऱ्याउन जाने गोठालेको सम्झना गर्दा बिष्टले यही बन्धुत्वको पुष्टि गरेका थिए ।

दौलतविक्रम बिष्टको काठमाडौंमा सहज सम्बन्ध र साहित्यकारसगको सामीप्य मेरा निम्ति एउटा चाखको विषय भयो । उनले पूर्वी जिल्ला भोजपुरबाट झापा हुदै यहा आएर जुन किसिमको औपन्यासिक व्यक्तित्वको रचना गरे, त्यो एउटा महत्त्वपूर्ण विषय हो । भोजपुरकै कथाकार परशु प्रधान काठमाडौंमा यस विधाका स्थापित लेखकको व्यक्तित्व बनाएर बस्नु पनि मेरा निम्ति अर्को चाखको विषय हो । उपन्यासकार र कथाकारका यात्रामा एउटै समाजका अनेकौं परिवेशका विविध स्वरूपहरूको मिलन हुन्छ । तिनीहरू वर्णनका संरचनाभित्र पात्रहरूले बोकेका साना विश्व लिएर यात्रा गर्छन् । बिष्टले काठमाडौंको यात्रा गर्ने बेला नेपाली इतिहासमा ठूलो परिवर्तन आएको थियो । त्यो यात्रासग उनले आफ्नो औपन्यासिकतालाई जोडे । उनका उपन्यासका केही प्रवृत्ति र केही कथानक संरचनालाई हेर्दा त्यो कुरा थाहा हुन्छ ।

दौलतविक्रम बिष्टको जीवन आफैंमा एउटा यात्रा थियो । यो यात्रा समय र ठाउका अनेकौं आयामहरू पार गर्दै भएको थियो । बाहिरी पहाडी क्षेत्रका विभिन्न ठाउबाट काठमाडौंमा आएर साहित्यसाधना गर्नेहरू धेरैजसो कविहरू थिए र छन् । तिनका साधनाका अनेकौं स्वरूपहरू छन् । कविता लिएर आउनेले भावनाका प्रतीकात्मक रूपहरूको प्रयोग गरेका छन् । तिनले बाहिरबाट आउदा लयहरू लिएर आए, तालहरू लिएर आए अनि बिम्बहरू लिएर आए । नेपाली समाजका विविधतालाई अभिव्यक्ति दिन कविता कत्तिको सबल माध्यम हो, त्यो छलफलको विषय हो तर कवितामा प्रतीकको पछाडि एउटा विचारको आकाश टागिएको हुन्छ । त्यहा एउटा भावना र संवेदनाको भाषा संरचित हुन्छ । नेपाली साहित्य भनेको धेरै समयसम्म एक लयदार अभिव्यक्ति गर्ने साधनका रूपमा मानियो । राजधानी काठमाडौंमा बाहिरबाट आउनु एउटा साहित्यिक केन्द्र र एउटा कर्मस्थलको खोजी गर्नु थियो र छ । दौलतविक्रम बिष्ट भोजपुरबाट काठमाडौं आउदा एउटा मानसमा समाजको संरचना लिएर आएका थिए । उनको मनमा एउटा समाजको परिकल्पना थियो जुन गतिशील/अगतिशील दुवै थियो अनि एक समयसापेक्ष ढङ्गले परिवर्तनशील थियो ।

दौलतविक्रमका उपन्यासमा नेपाली समयको एउटा गत्यात्मक चित्रण छ । त्यसको कुनै एक आयामिक र एउटा आरेखमा बाध्न सकिने किसिमको स्वरूप छैन । त्यो समय नेपाली समाजका सरल र मानसिक परिवर्तनका जटिल यात्राका रूपमा दौलतविक्रमका उपन्यासमा व्यक्त हुन्छ । तिनमा खास गरी सौतेनी आमाहरू, प्रेम र संकटमा परेका, मृत्यु वरण गर्न बाध्य नारीका, विद्रोह गर्ने स्वास्नीमान्छेका अनि शिवलिङ्गको जङ्गलमा अस्मिता

खोज्ने नारीका जुन चित्रण छन्, तिनको नारीसंचेतना र आज नारीवादी अध्ययन गर्ने समीक्षकका निम्ति ठूलो महत्त्व छ । मेरो यस छोटो लेखमा ती सबै विषयको चर्चा गर्ने ठाउ छैन । केवल संकेत मात्र गर्न चाहन्छु ।

दौलतविक्रम बिष्ट उपन्यासमा एउटा सानो विश्वको रचना गर्छन् अनि पात्रलाई त्यस विश्वमा एउटा नाटकीय सम्बन्धद्वारा आबद्ध गर्छन् । ती पात्रपात्रा गतिशील छन् । त्यो गतिशील हुने परिवेश एउटा समाज हो । त्यस समाजका कथानक, त्यसका आफ्ना रूढिवादी चिन्तन, त्यसका परिवेश छन् जसभित्र पात्रहरू आफ्ना यात्राहरू सम्पन्न गर्छन् । 'मञ्जरी' उपन्यासमा बिष्टले सामाजिक क्रान्तिको एउटा कलेवर रचना गर्दा मूर्तिभञ्जन गरेका छन् । त्यो उनको समयसापेक्ष क्रान्तिकारी चेतना थियो । नेपाली हिन्दु समाजमा राणा शासन परिवर्तन हुनेबित्तिकै कुनै पनि ठूला परिवर्तन आएनन् तर बिष्टले त्यस समाजको सबभन्दा संवेदनशील विषयलाई लिएर विधवा मञ्जरी बाहुनीको चित्रण गरेका छन् । उसको बिहे छेत्री कैलाशसूग गराएर उनले एउटा समाजसुधारको संकेत लेखेका छन् । बिष्टका निम्ति उपन्यासको मूल स्पन्दन समाज र रीति थियो । समाजको संरचनाभित्र व्यक्ति एक पात्र हो र उसको अस्मिता ऊ जे गर्न सक्छ त्यही हो भन्ने उनको धारणालाई किञ्चित् प्रचारक शैलीमा उनले यस उपन्यासमा राखु औपन्यासिक दृष्टिले त्यति बलियो नदेखिए पनि समयको एउटा सीमा पार गरेको नेपाली समाजको गतिलाई यसले राम्ररी समातेको छ ।

दौलतविक्रम बिष्ट पात्रपात्राको मनोगत आयामलाई परिवेश र तिनको संसारसूग जोड्छन् । ती पात्रपात्राहरू त्यस अर्थमा एउटा कथानकको परिपाटी र एउटा समाजको परिपाटीको द्वन्द्वभित्र विकसित हुन्छन् । समाजको संरचना र स्वरूपका आफ्ना मानक हुन्छन् अनि उपन्यास र कथाका पनि परम्परागत मानक हुन्छन् । यी दुईका बीचमा सम्बन्ध गराउदा उपन्यासकारलाई केही चाखलाग्दा चुनौतीको सामना गर्नुपर्छ । सामाजिक संरचनाको मानकलाई बढी ध्यान दियो भने उपन्यास सकिन्छ । त्यो सोझो वर्णन हुन्छ । अनि साहित्यिक मानकलाई मात्र ध्यान दियो भने त्यसमा सामाजिक संरचनाको मानक गौण हुन्छ । आधुनिक उपन्यासकार मानकका जालभित्र पर्दैनन् । तिनीहरू ती दुवैमाथि अर्को मानकको रचना गर्छन् ।

दौलतविक्रम बिष्ट यी दुवै मानकका बीचबाट आफ्ना उपन्यास लेख्छन् । ती आफ्ना पात्रपात्रालाई नित्य तिनको परिवेशको संरचनासूग सान्निध्य गराइरहन्छन् । यसरी सान्निध्य गराउदा ती दुई तरिका अपनाउछन् । एउटा तरिका पात्रपात्रालाई सामाजिक संरचनाको मानकसूग लगेर सीधै परिचित गराउनु हो । 'एक पालुवा अनेकौं याम' मा कमल पात्रलाई यस समाजका अनेकौं भौगोलिक परिवेशसूग फैलेका स्वरूपसूग परिचित गराउन उनी धेरै ठाउमा घुमाउछन् । समालोचकहरू यस पात्रलाई लेखकको निजी अनुभव बोकेको पात्रका रूपमा चित्रण गर्छन् । तर उपन्यासकारको जीवनका अनुभव सबै कृतिमा आउन सक्छन् । तिनमा लेखकको कुनै निजत्व र नियन्त्रण हुन्छ नै भन्न सकिदैन । तर उनका पात्रहरू परिवेशचेती मात्र नभएर त्यस वातावरणभित्र आफ्ना जीवनका अप्ठेराहरू पनि भोगिरहेका व्यक्तिहरू हुन् । मञ्जरीलाई बिहे गर्ने कैलाश र लिचुमैयालाई बिहे गर्ने कमलका आफ्ना अप्ठेरा र अल्झनहरू त्यहा छन् । बिहे गरेको धेरै समय नहुदै जारपुत्र जन्माउने लिचुमैयाको आत्महत्या एउटा भयानक घटना हो । त्यहा सामाजिक परिवेशभित्र व्यक्तिका संकट चित्रित छन् । सामन्ती समाज एउटा लड्नुपर्ने विषय भए पनि त्यो त्रासद नियतिको कारक पनि हो । त्रासदीको एक अन्धशक्ति हो जहा गएर पात्रका यात्रा टुङ्गिन सक्छन् ।

तर दौलतविक्रम त्यसरी यात्रा टुंग्याउदैनन् । नारीजीवनसूगको मोह भङ्ग हुने क्रम एक नैरन्तर्य हो– एउटा 'कन्टिनुअम' । त्यस नैरन्तर्यभित्र अनेकौं परिवर्तन देखा पर्छन् । बिष्ट कुनै पश्चिमी साहित्यका सिद्धान्त र मनोगत सिद्धान्तका आधारमा यौनिक विषयलाई लिएर लेख्ने उपन्यासकार/कथाकार होइनन् । त्यस अर्थमा उनको औपन्यासिक लेखन मलाई अत्यन्त मौलिक लाग्छ ।

तर दौलतविक्रम बिष्टको यात्रामा आफ्नो परिवेश मात्र हुदैन । त्यहा काल्पनिक परिवेश पनि हुन्छ । त्यो उनको विश्वजनीन भावना हो । 'चपाइएका अनुहार' मा उनले जुन विश्वजनीन परिवेशको कल्पना गरेका छन् त्यसले केही छलफललाई जन्म दिएको छ । प्रज्ञाप्रतिष्ठानले उनको यस उपन्यासको अंग्रेजीमा अनुवाद गराइदिन मलाई प्राज्ञ रमेश विकलद्वारा प्रस्ताव गरेअनुसार मैले मेरो विभागका शिक्षक/विद्यार्थीलाई त्यसको अनुवाद गराइदिएको थिए । त्यो अनूदित उपन्यास अहिले प्रकाशनको कुन अवस्थामा छ, मलाई थाहा भएन । तर प्रसङ्ग अर्कै छ । यस अनुवादको प्रसङ्गमा मैले दौलतविक्रमसूग त्यस उपन्यासमा चित्रण गरिएको संसारको यथार्थताबारे छलफल गरेको

थिए । उनले दिएको उत्तर मलाई मन पर्‍यो । उनले मलाई प्रतिप्रश्न गरेका थिए– उपन्यासमा विश्वजनीन भावना राख्नका निम्ति मानिसले भोगेका साझा अनुभूतिलाई लेखकले प्रयोग गर्न सक्छ कि सक्दैन ? युद्धविशेषको अनुभव कुनै खास ठाउँका मानिसको मात्र अनुभव हो कि सबैको अनुभव हो ? यस सन्दर्भमा मैले उनीसँग जोसेफ कोनरडको 'द हार्ट अभ डार्कनेस' भन्ने उपन्यासमा कङ्गोको जङ्गलभित्र गुस्ता कर्जको खोजीको प्रसङ्ग ल्याएको थिएँ । उनलाई त्यो उपन्यासको विषयवस्तु थाहा थियो र उनी कुनै पनि उपन्यासकारले आफ्नो परिवेशभन्दा बाहिर जान केही कल्पना प्रयोग गर्नुपर्छ भन्ने मान्यता राख्थे । 'चपाइएका अनुहार' परिचित परिवेशको निरंकुशताबाट मुक्त हुन उपन्यासकारले रचना गरेको एउटा रूपक थियो जसमा स्थान, युद्ध र भयानक अवस्थाहरूका चित्रणहरू पनि स्थूल रूपकका विविध रूपहरू भएका छन् । युद्ध र क्रूरतालाई उनले विश्वजनीन मानवचरित्रका रूपमा चित्रण गरेका छन् ।

दौलतविक्रम बिष्टले 'ज्योति ज्योति महाज्योति' उपन्यासमा प्रजाम्बीले महादेवका बहुल स्वरूपभित्र पति शंकरको खोजी गर्नु र पछि ऊ यथार्थमा आफ्नो भ्रम थाहा पाएपछि मर्नुको कथानकलाई एउटा अनौठो परिवेश दिएका छन् । महादेवको चित्रण गर्दा नारीको असहाय अवस्थाबाट गर्नु अनि त्यहाँ महादेवका अवधूत अवतारका रूपमा अर्धसिल्ली मानिसका अवतारहरूलाई उभ्याउनु आजको नारी सञ्चेतनाको युगमा अनौठो लाग्ने विषय हुन् । म यस उपन्यासलाई समालोचक र सायद लेखक आफैंले हेरेभन्दा भिन्न ढङ्गले हेर्छु । ज्योतिको महास्वरूपको यात्रामा हिंड्ने प्रजाम्बी एक लिङ्गकेन्द्रवर्ती पुरुषचेतनाका जालभित्र अल्झेकी निस्सहाय स्वास्नीमान्छे हो जसको पुरुषका बहुल लिङ्गकेन्द्रवर्ती निरंकुशताका बिम्बको जङ्गलमा अस्मिताको खोजी गर्दागर्दै मृत्यु हुन्छ । तर त्यसपछि उपन्यासमा जुन ज्योतिर्लिङ्गको शक्तिलाई शून्यमा अल्झेको शक्ति र रहस्यका रूपमा बुझ्नका निम्ति छोडिन्छ, त्यो एक अनौठो सञ्चेतनाको सिर्जना गर्ने उपन्यासकारको विचार हो । फ्रान्सेली साहित्य सिद्धान्तका आचार्य र मनोवैज्ञानिक ज्याक लकूको भनाइअनुसार लिङ्गज्ञापक (सिग्निफायर) को प्रभुत्व र बहुलता अनि तिनको कुनै पनि निश्चित रूप नहुनुले पुरुष शक्तिको नैरन्तर्यको रचना हुन्छ । प्रजाम्बीको खोज त्यही लिङ्गकेन्द्रवर्ती चेतनाभित्रको अर्थहीन खोजी हो । तर चाख लाग्ने कुरा, दौलतविक्रमले यस परिवेशमा पात्रपात्राको रचना राम्ररी गरेका छन् ।

यस छोटो लेखमा उनका सम्पूर्ण उपन्यासका विशेषताको छलफल गर्न सकिंदैन तर उनका केही माथि पनि चर्चा गरिएका विषयलाई थोरै शब्दमा यसरी राख्न सकिन्छ । दौलतविक्रमका उपन्यासको सामर्थ्य लेखकको मानसिक यात्रा र नित्य प्रयोग गरेर हेर्ने उपन्यासकारको चाहना हो । तर बिष्ट प्रयोगवादी उपन्यासकार होइनन् । उनी समाजको क्यानभासमा मूर्तकलाको रचना गर्ने कलाकार हुन् । उनका उपन्यास सामाजिक महावर्णनभित्र अथवा मानकभित्र प्रश्न गर्ने, स्वीकार गर्ने, विरोध गर्ने र अन्तमा तिनकै परिवेशवरिपरि घुम्ने नेपाली जीवनका कथा हुन् । उनका उपन्यास र कथामा मनोगत अवस्थाको जुन चित्रण हुन्छ त्यसमा बिष्टको कुनै आडम्बर र देखावटीपन छैन । उनी उपन्यासलाई एक सहज विधाका रूपमा लिन्छन् । उनका उपन्यासमा जीवन र जगत्‌को एउटा जुन सम्बन्ध छ त्यसमा एउटा नैरन्तर्य छ । यस कारण उनले लेखेका प्रायशः उपन्यासमा त्यो नैरन्तर्य एउटा महत्त्वपूर्ण चेतना भएको छ ।

त्यो २०३२ सालको साँझ उनको घरमा मैले देखेको समाज र लेखकले उनीप्रति देखाएको प्रेम र सम्मानले दौलतविक्रम बाहिरबाट राजधानी आएर लेखकको एउटा 'मिसन' पूरा गर्ने व्यक्ति हुन् भन्ने मलाई विश्वास भएको थियो । विजय दाइको 'स्याम्प्लित कुखुरा' को एउटा अनौठो कल्पना त्यस रात काठमाडौंका निकै ठाउँमा लिएर गुडिरह्यौं । कलाकार अमर चित्रकारलाई छोड्न स्वयम्भूफेदीमा जाँदा अमर चित्रकारले दौलतविक्रमप्रति देखाएको प्रेमले उनको लेखकीय चरित्रको अर्को पक्ष बुझिएको थियो । मैले विजय दाइका 'स्याम्प्लित कुखुराजनित' औपन्यासिक कल्पना र अमर चित्रकारका कलाको परिवेशभित्र दौलतविक्रमप्रति देखिएका प्रेमको विषयमा कवि रत्न थापा दाइसँग सोध्दा उनले भने- 'यो दौलतविक्रम बिष्टको निजी र लेखकीय व्यक्तित्वप्रति काठमाडौंका लेखक कलाकारको मनमा रहेको प्रेमको बहुल अभिव्यक्ति हो ।'

दौलतविक्रम बिष्टको त्यो व्यक्तित्व कृतित्वप्रति हार्दिक श्रद्धाञ्जली !